# स्याङ्गजाको गल्याङ्गमा निर्धन उत्थान लघुबित्त वित्तीय संस्थाद्धारा ब्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाका आफना २७ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ पौष १७ गतेदेखि १९ गतेसम्म स्याङ्गजा जिल्लाको गल्याङ्ग नगरपालिकामा “ब्यवसायिक बाख्रापालन तालिम” सम्पन्न गरेको संस्थाका पोखरा क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रबन्धक श्री नारायण प्रसाद न्यौपानेले जानकारी गराएका थिए । गल्याङ्ग नगरपालिकाका  नगर प्रमुख श्री भुपराज अधिकारीले ३ दिनको तालिमले सबै सदस्य उद्यमी बन्न सफल हुन सक्नु पर्दछ भनि शुभकामना ब्यक्त गरे । एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धैरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रबन्धक श्री नारायण प्रसाद न्यौपानेले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको गल्याङ्ग शाखा कार्यालयका शाखा प्रमुख ईन्द्रमणि गौतमले प्रकाश पारेका थिए ।

तालिमको अन्त्यमा सहभागी श्री बिष्णु पछाई, सहभागी श्री खगिसरा रानाले मन्तब्य दिएका थिए । ब्यवसायिक रुपमा उन्नत बाख्रापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । बाख्रापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका शाखा प्रमुख गौतमले जानकारी गराएका थिए ।

तालिमको संचालन शाखा प्रमुख ईन्द्रमणि गौतमले गरेका थिए । यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र देशको सबै जिल्लामा पुगेको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो । यस संस्थाले ग्राहक सदस्यहरुको आर्थिक, सामाजिक  विकासको लागि विभिन्न प्रकारका तालिमहरु समेत प्रदान गर्दै आई रहेको छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई बिना धितो लगानी गर्नुका साथै सीपमुलक तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता तालिम, ब्यवसाय विकास सेवा कार्यक्रम, सचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आई रहेको छ । यस संस्थाले देशको दुर्गम

जिल्लाहरुको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई वित्तीय सेवा प्रदान गर्नुका साथसाथै आफना ग्राहक सदस्यहरुलाई विभिन्न प्रकारका तालिमहरु प्रदान गर्दै आई रहेको छ । तालिम लिएका आफना ग्राहक सदस्यहरुको आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थालेले देशको ७ वटै प्रदेशका ७७ वटा जिल्लाहरुमा १८१ वटा शाखा कार्यालय, ७ वटा क्षेत्रीय कार्यालय, केन्द्रीय कार्यालय गरी १८९ वटा कार्यालयहरुको विशाल संजाल बनाई देशैभरि लघुवित्त सेवा पुऱ्याई रहेको छ। यसै संञ्जाल मार्फत संस्थाले २०७५ मंसिर मसान्तसम्ममा ३ लाख ३३ हजार घरपरिवारहरुमा सेवा पुऱ्याई रहेको छ, संस्थाको २०७५ मंसिर मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ५२ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १७ करोड बचत परिचालन गरेको छ।